कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, बागमती प्रदेश, नेपाल

कृषि विकास शाखा

फोन: ०१-४४५१२४२
ईमेल: er.kageshworimun@gmail.com
टोलफ्रि नं: १६६००१२७७७७


प.सं.: ०८०/८१
सूचना नं.:-०६/०८०/८१ (कृषि शाखा)

## माटो परिक्षणका लागि नमुना संकलन गर्ने सम्बन्धी सूचना

प्रथम पटकप्रकाशित मिति :- २०८०/०८/०१

प्रस्तुत विषयमा यस कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखाको चालु आ.व. ०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत **"माटो शिविर कार्यक्रम"** संचालनार्थ यस कार्यालयबाट नि:शुल्क रुपमा माटोको नमुना परिक्षण गरिने भएको हुँदा आफ्नो खेतबारीको माटो परिक्षण गर्न चाहनुहुने नगरपालिका भित्रका कृषक, कृषक समुह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (मिति:२०८०/०८/३० गते) कार्यालय समय भित्र आवश्यक माटोको नमुनामा देहायका व्यहोरा उल्लेख गरि यस शाखामा दर्ता गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

माटोको नमुना साथमा अनिवार्य उल्लेख गर्नुपर्ने व्यहोराहरु :

- कृषकको नाम,थर र ठेगाना :
- नमुना लिएको जग्गाको किसिम : खेत/बारी/पाखो/पानी जम्ने आदि
- नमुना लिएको मिति :
- यस अघि लगाईरहेको बाली र अब लगाउन चाहेको बाली नाम :
- सिचांई अवस्था :
- सम्पर्क नम्बर :
- माटोको नमुना प्लाष्टिक वा कपडाको झोलामा हावा नछिर्ने गरि पोको पारि ल्याउनु पर्ने छ ।

❖ द्रष्टव्य :- माटोको आवश्यक नमुना लिने तरिका सम्बन्धि पोष्टर यसै सूचना साथमा संलग्न गरिएको हुनाले सोहि बमोजिम गर्नुहुन अनुरोध छ ।साथै थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२०८०।८।१

माधव खतिवडा
अधिकृत छैटौं

# माटो परिक्षणको लागि नमूना संकलन गर्दा निम्न विधि अपनाउनुहुन कृषकवर्गमा अनुरोध

१। माटो परिक्षणका लागि आफ्नो खेतबारीको अवलोकन गरी जग्गाको विभिन्न ठाँउबाट माटोको नमुना संकलन गर्नुपर्छ। यसरी नमुना संकलन गर्दा मलिलो/कम मलिलो, सिंचित/असिंचित, खेत/बारी, पानि जम्ने/नजम्ने, तथा माटोको रंग र बुनोटको आधारमा खेतबारीलाई अलग-अलग भागमा बाड्नुपर्दछ । त्यसपछि अंग्रेजी अक्षरको **M, Z, L, S, W** (चित्र नं.१) जस्तै आकारमा जमिनको सबै ठाँउको प्रतिनिधित्व (छेउ, भित्तो, माँझ) हुनेगरी रेखाङ्कन गर्ने ।

२। रेखाङ्कन गरीएको जग्गामा माटोको नमुना निकाल्ने ठाउँको माथिल्लो सतहको १ देखी २ ईन्च माटो र ढुङ्गा, झारपातलाई कोदाली वा फोरुवाको सहायताले हटाउने ।



चित्र नं.१

३। यदि तरकारी, अन्नबाली तथा अन्य माथिल्लो सतहमा जरा रहने बालिहरुको लागि माटो परिक्षण गर्ने हो भने झारपात हटाई सफा गरिएको नमुना लिने ठाँउमा चित्र नं.२ मा देखाईए अनुसार **V** आकारको ८ देखि १० ईन्च गहिरो खाल्डो खनी एकातिरबाट १ देखि २ ईन्चको माटोको चपरा निकाल्नुपर्छ । फलफुल खेतीका लागि माटो जाँच गर्ने हो भने ०-१ फिट, १-२ फिट, २-३ फिट (चित्र नं.२) सम्मको माटोको नमूना छुट्टै-छुट्टै नमुना लिनुपर्दछ ।




चित्र नं. २

४। एवम् प्रकारले लिएका सबै ठाउँका माटोका नमुनाहरुलाई एकै ठाँउ/भाडोमा मिसाई डल्ला फुटाउने, झारपात, ढुङ्गा हटाई केलाउने । साथै माटोमा चिस्यान (हिलो) बढी भएमा घाम नपर्ने तर हावा चल्ने ठाउँमा सुकाउनुपर्दछ ।

५। यसरी तयार भएको माटोको नमुना मध्ये परिक्षण गर्नका लागि लगभग आधा के.जि. मात्र माटो आवश्यकता पर्दछ । जसका लागि चित्र नं.३ मा देखाएजस्तै गरी गर्ने ।

६। यसरी तयार भएको माटोको नमुनासँगै निम्न विवरणहरु कागजमा लेखेर प्लाष्टिकको थैलोभित्र राखी परिक्षण स्थलमा ल्याउने ।

माटोको नमुनासँगै निम्न विवरणहरु राख्ने :

- क) कृषकको नाम : ख) ठेगाना :
- ग) जग्गाको किसिम : खेत/बारी/पाखो/पानी जम्ने आदि
- घ) नमुना लिएको मिति :
- ङ) नमुना लिएको जग्गामा यस अधि लगाएको बाली/अब लगाउन चाहने बा
- च) सिंचाई सुविधा भएको नभएको : छ) सम्पर्क नम्बर :

७। माटोको नमुना लिँदा ध्यान दिनुपर्ने कुराहरु :

- क) नमुना संकलन गर्दा आली, कान्ला नजिकको नमुना संकलन गर्नुहुदैन,
- ख) भर्खरैमात्र मलखाँद प्रयोग गरेको ठाउँको नमुना लिनुहुदैन,
- ग) मल थुपारेको वा गाईवस्तु बाँधेको ठाउँको नमुना लिनुहुदैन,
- घ) पानीको मुहान वा निकासको नजिकबाट नमुना लिनुहुदैन,
- ङ) ठुलो वर्षा वा पानी परेलगतै नमुना संकलन गर्नुहुदैन ।
- च) माटोको नमुनालाई प्लाष्टिक वा अन्य हावा नछिर्ने झोलामा पोका पारेर ल्याउने ।




४ भाग माटो मध्ये २ भाग मात्र राख्ने २ भाग फाल्ने यो प्रकृया माटो ०.५-१ के.जि. नभएसम्म दोहोर्याउने माटो आधा के.जि भएपछि सफा प्लाष्टिकमा पोको पार्ने।

चित्र नं. ३

कागेश्वरी मनोहरा नगरपालिका
**कृषि विकास शाखा**
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल

CS Scanned with CamScanner